मन्थली नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मन्थली, रामेछाप

३ नं. प्रदेश, नेपाल

फोनः-०४८-५४०११२

प.सं.:-०७६/७७

मिति: २०७६/०५/२७

## डेंगुबाट बचौं र बचाऔं

देशको विभिन्न भागमा लामखुट्टेको टोकाइबाट सर्ने डेंगु रोगको प्रकोप फैलिएको छ। आवाज ननिकाल्ने अत्यन्त सानो आकारको लामखुट्टेले दिउँसो टोक्दा यो रोग सर्दछ। डेंगुबाट बच्न यी उपायहरु अपनाउन सम्पूर्ण महानुभावहरुमा अनुरोध छ।

- यी लामखुट्टे सफा पानीमा हुर्कने हुनाले घर भित्र बाहिर पानी जमाएर नराख्ने। पानीमा हावा नछिर्ने गरी बिर्को लगाउने वा टम्म छोपेर राख्ने।
- जम्मा गरेको पानी कम्तीमा २ दिन भित्रमा खर्च गरी सक्ने।
- भाँडाकुँडा घोप्ट्याएर राख्ने।
- गमला मुनीको प्लेटमा पानी जम्न नदिने।
- बरण्डा छतमा पानी जमेको भए बडारेर फ्याँक्ने।
- झ्याल ढोकामा जाली लगाउने।
- बाथरुम कमोड, प्यानमा बराबर फ्लस गर्ने।
- दिउँसो सुत्दा झुल टाँगेर सुत्ने।
- खेतबारीमा काम गर्न जाँदा पुरा बाहुला भएको लुगा लगाउने वा नटोक्ने मल्हम लगाउने।

..............................

(हेमन्त कुमार बुढाथोकी)

उपसचिव (प्रा.)

उपसचिव (प्रा.)